# देवानगञ्ज गाउँपालिका
# Dewanganj Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
**Office of The Rural Muinicipal Executive**

देवानगञ्ज,सुनसरी

Dewanganj, Sunsari

मिति २०८३/०६/१२

## सूचना सूचना सूचना

**विषय: बेवारिसे अवस्थामा फेला परेकी बालिकाको हकदावी गर्न आउने सम्बन्धी सार्वजनिक सूचना**

यस देवानगञ्ज गाउँपालिका वडा नं. २ स्थित शिव मन्दिर परिसरमा मिति २०८३/०६/०५ गते अन्दाजी सात(७) बजेको समयमा करिब दुई महिनाकी बालिका बेवारिसे अवस्थामा फेला परेको र बालिकाको उद्धार गरी हाल अस्थायी संरक्षणका लागि निसहाय बालबालिका सेवा आश्रम ईटहरी सुनसरीमा सुरक्षित रूपमा राखिएको छ।

तसर्थ बालिकालाई चिन्नुहुने वा निजको अभिभावक/हकवाला कोही हुनुहुन्छ भने यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो आधिकारिक नाता प्रमाणित गर्ने कागजातसहित यस गाउँपालिकाको महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा वा नजिकैको प्रहरी कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ। तोकिएको अवधिभित्र कोही पनि हकवाला सम्पर्कमा नआएमा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४९ बमोजिम निज बालिकाको दीर्घकालीन संरक्षण र वैकल्पिक हेरचाह प्रक्रिया अगाडि बढाइने ब्यहोरा समेत जानकारी गराइन्छ।

सम्पर्कका लागि:

- देवानगञ्ज गाउँपालिका (बालकल्याण अधिकारी): ९८४२१८५२९४
- नजिकैको प्रहरी कार्यालय: १००
- बालबालिका खोजतलास समन्वय केन्द्र: १०४
- बाल हेल्पलाइन: १०९८

सूचना प्रकाशित मिति: २०८३/०६/१२

सृजना पोखरेल
बालकल्याण अधिकारी